बुढानीलकण्ठ नगरपालिका

नगरकार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

**खण्ड :- ६** **सङ्ख्या :-९** **मिति :- २०८०।१०।०५**

## भाग-२

**घरपालुवा कुकुर बिरालो व्यवस्थापनसम्बन्धी कार्यविधि, २०८०**

बुढानीलकण्ठ नगरपालिकाभित्र स्वच्छ र सफा वातावरण कायम गर्न, घरपालुवा कुकुरबिरालोबाट हुने प्रदुषण रोक्न, तथ्याङ्क राख्न, अद्यावधिक गर्न र कुकुर बिरालोको व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,

बुढानीलकण्ठ नगरपालिकाको वातावरण तथा प्राकृतिक संरक्षण ऐन, २०७७ को दफा ६६ ले दिएको अधिकार प्रयोग गरी घरपालुवा कुकुर तथा बिरालोको ब्यवस्थापन कार्यविधि, २०८० तर्जुमा गरी बुढानीलकण्ठ नगरकार्यपालिकाको मिति २०८०।१०।०४ को बैठकले स्वीकृत गरेको छ।

### परिच्छेद १
### प्रारम्भिक

**१. सङ्क्षिप्त नाम र प्रारम्भ :-**

क) यो कार्यविधिको नाम "घरपालुवा कुकुर बिरालो व्यवस्थापनसम्बन्धी कार्यविधि, २०८०" रहेको छ।

ख) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा :-**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "घरपालुवा कुकुर" भन्नाले कुनै व्यक्ति वा संस्थाले आफ्नो घर-कम्पाउण्डभित्र व्यवस्थित गरी आफ्नो सोख वा सुरक्षाका लागि पालेको कुकुर भन्ने सम्झनुपर्छ।

ख) "घरपालुवा बिरालो" भन्नाले कुनै व्यक्ति वा संस्थाले आफ्नो घर-कम्पाउण्ड भित्र व्यवस्थित गरी आफ्नो सोखका लागि पालिएका बिरालो भन्ने सम्झनुपर्छ।

ग) "नगरपालिका" भन्नाले बुढानीलकण्ठ नगरपालिकालाई सम्झनुपर्छ।

घ) "पशु सेवा शाखा" भन्नाले बुढानीलकण्ठ नगरपालिकाको पशु सेवा शाखालाई सम्झनुपर्छ ।

ङ) "वडा कार्यालय" भन्नाले बुढानीलकण्ठ नगरपालिकाका मातहतमा रहेका १३ वटै वडा कार्यालय सम्झनुपर्छ ।

**३. घरपालुवा कुकुर दर्ता गर्नुपर्नेः**

१. नगरपालिकाको अनुमति बिना कसैले पनि घरपालुवा कुकुर राख्न वा पाल्न पाउने छैन ।

२. कसैले घरपालुवा कुकुर राख्न वा पाल्न चाहेमा सो कुकुर नगरपालिकामा दर्ता गराई राख्न वा पाल्न सक्नेछन्।

३. यो कार्यविधि प्रारम्भ हुनु पूर्व नै राखिएका वा पालिरहेका घरपालुवा कुकुरहरुको हकमा यो कार्यविधि प्रारम्भ भएको ३ महिना भित्र दर्ता गरिसक्नु पर्नेछ ।

४. यो कार्यविधि लागु भएपछि नगरपालिकाले घर पालुवा कुकुर दर्ताका लागि सूचना आव्हान गर्नेछ ।

५. नगरपालिकाले पहिलो पटकको लागि प्रत्येक वडामा घरपालुवा कुकुर दर्ताका लागि शिविर सञ्चालन गर्न सक्नेछ ।

**४. घरपालुवा कुकुर/बिरालो दर्ता तथा नवीकरणका लागि निवेदन दिनुपर्नेः**

१. कसैले घरपालुवा कुकुर राख्न वा पाल्न चाहेमा सो कुकुर दर्ताका लागि सम्बन्धित वडा कार्यालयसमक्ष अनुसूची (१) बमोजिमको ढाँचाको निवेदन दिनुपर्नेछ।

२. उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्यक जाँचबुझ गरी नगरपालिकाको पशु सेवा शाखामा घरपालुवा कुकुर/विरालोको दर्ता तथा प्रमाण-पत्र सिफारिस गर्नेछ र पशु सेवा शाखाले कुकुर/बिरालो दर्ता गरी प्रमाण पत्र दिनुपर्नेछ ।

३. कुकुरधनीहरुले हरेक आर्थिक वर्ष सकिएको ३ महिना भित्र कुकुर दर्ता नवीकरण गराउनुपर्नेछ ।

४. उपदफा (२) बमोजिम दिईने प्रमाणपत्रको ढाँचा अनुसूची (२) बमोजिम हुनेछ ।

५. घरपालुवा कुकुर दर्ता दस्तुर रु.५००/- (पाँच सय) र नविकरण दस्तुर रु.१००/- (एक सय) लाग्नेछ । यो दस्तुर निवेदकले सम्बन्धित वडा कार्यालयमा बुझाउनुपर्नेछ ।

६. घरपालुवा बिरालो दर्ता दस्तुर रु. १०० (एक सय) र नविकरण दस्तुर रु. ५० (पचास) लाग्नेछ । यो दस्तुर निवेदकले सम्बन्धित वडा कार्यालयमा बुझाउनुपर्नेछ ।

**५. घरपालुवा कुकुर दर्ता गराए वापत नगरपालिकाले दिने सेवा सुविधाः**

नगरपालिका भित्र घरपालुवा कुकुरहरुको दर्ता गरेमा नगरपालिकाले निम्न सेवा सुविधा दिन सक्नेछ ।

१. कुकुरको परिचय नं. सहितको घाँटीमा बाँध्ने बेल्ट/ट्यागिङ्ग गरिनेछ र डिजिटल ट्यागिङ्ग गर्न पनि बाधा पर्ने छैन। यो सुविधा घरपालुवा बिरालोको हकमा भने लागु हुनेछैन।
२. रेविज खोप - १ डोज।
३. आन्तरिक तथा बाह्य परजिवि विरुद्धको औषधि।
४. नगरपालिकाका भेटेरीनरी डाक्टरहरुद्वारा पशुसेवा शाखामा निःशुल्क परामर्श तथा स्वास्थ्य परिक्षण।

**६. घरपालुवा कुकुर सम्बन्धी अन्य व्यवस्थाः**

१. आफुले पालेको कुकुर कुनै कारणबस कसैलाई स्थायी रुपमा हस्तान्तरण गर्नुपरेमा पशु सेवा शाखाको रोहबरमा दिने पक्षले लिने पक्षलाई स्वामित्व हस्तान्तरण गर्नुपर्नेछ।
२. दर्ता भएको घरपालुवा कुकुर हराएमा कुकुर धनीले सोको जानकारी पशु सेवा शाखालाई गराउनुपर्नेछ।
३. घरपालुवा कुकुर धनिहरुले आफुले पालेका कुकुरहरु आफ्नो घर तथा कम्पाउण्ड भन्दा बाहिर जथाभावी छाडा छोड्न तथा दिशा पिसाब गराउन हुँदैन।
४. घरपालुवा कुकुरहरुको दिशा पिसाब कुकुर धनीहरुले आफ्नो छरछिमेकिलाई असर नपर्ने गरी व्यवस्थापन गर्नुपर्नेछ।
५. कुकुर धनीहरुले कुकुरलाई लगाउनु पर्ने सम्पुर्ण रोगहरुको खोप तथा जुकाको औषधी समयमै लगाउने तथा खुवाउने कार्य गर्नुपर्नेछ।
६. घरपालुवा कुकुरको मृत्यु भएमा कुकुरधनीले सोको जानकारी पशु सेवा शाखालाई गराउनुपर्नेछ।
७. घरपालुवा कुकुरले कसैलाई टोकेमा वा कुनै प्रकारको क्षति पुऱ्याएमा त्यसको सम्पूर्ण उपचारमा लाग्ने खर्च तथा क्षतिपुर्ती कुकुरधनीले व्यहोर्नु पर्नेछ।

**७. कुकुर व्यवसायसम्बन्धी व्यवस्थाः**

१. कुकुर व्यवसायीहरुले कुकुर खरिद बिक्री गर्नका लागि वडा कार्यालयमा व्यवसाय दर्ता तथा नविकरण गर्नुपर्नेछ।
२. कुकुर व्यवसायीहरुले कुकुर बिक्री गर्दा कुकुरलाई पशु सेवा शाखामा प्रचलित कानुनबमोजिम दर्ता गराएर मात्र बिक्री गर्नुपर्नेछ।
३. कुकुर व्यवसायीहरुले व्यवसाय नविकरण गर्दा सो व्यवसाय मार्फत वर्षभरी भएको खरिद बिक्रीको तथ्याङ्क बुझाउनुपर्नेछ।
४. रेविज लगायतका प्राणघातक रोगलाई महामारीको रुपमा फैलिन नदिन कुकुर व्यवसायीहरुले पशु सेवा शाखा तथा कुकुर धनीहरुसँग सहकार्य गरी विभिन्न कार्यक्रम तथा शिविर सञ्चालन गर्न सक्नेछन्।

**८. दण्ड जरिवानासम्बन्धी व्यवस्था :-**

यस कार्यविधिको प्रावधानविपरीत कसैले कार्य गरेमा प्रचलित कानुनबमोजिम जरिवाना तथा कारवाही गरिनेछ ।

**९. अनुगमन तथा निर्देशनः**

यो कार्यविधिमा भएको व्यवस्था कार्यान्वयन भए नभएको अनुगमन गर्ने तथा आवश्यक निर्देशन दिने जिम्मेवारी नगरपालिका र सम्बन्धित वडा कार्यालयको हुनेछ ।

**१०.खारेजी र बचाऊः**

यो कार्यविधि लागु हुनुपूर्व भए गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची -१
(दफा ४ (क) सँग सम्बन्धित)

मिति :-

श्री वडा अध्यक्षज्यू,
......नं. वडा कार्यालय,...............
........................................

विषय :- कुकुर/बिरालो दर्ता सिफारिस सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा बुढानीलकण्ठ नगरपालिकाको घरपालुवा कुकुर बिरालो व्यवस्थापनसम्बन्धी कार्यविधि, २०८० को दफा ४ बमोजिम तपसिलअनुसारको विवरण भएको कुकुर/बिरालोको नाम दर्ता गरी पालन गर्न सिफारिस प्रदान गरिदिनुहुन अनुरोध छ ।

**कुकुर/बिरालोको विवरण :-**

| | |
|---|---|
| कुकुर/बिरालो धनिको नाम | |
| ठेगाना | |
| घर नम्बर | |
| कुकुर/बिरालोको जात, नाम | |
| रङ्ग | |
| लिङ्ग | |
| उमेर | |
| खुल्ला जमिनको क्षेत्रफल | |
| कुकुर/बिरालो पालन शुरु गरेको वर्ष | |
| खोप लगाएको विवरण | रेविज<br>डिस्टेम्पर<br>अन्य |
| जुका विरुद्ध औषधि खुवाएको विवरण | |
| केही विवरण भएमा उल्लेख गर्ने | |

संलग्न कागजातहरू :

नागरिकताको प्रतिलिपी

कुकुर / बिरालो खोप कार्डको प्रतिलिपी

निवेदक

नाम, थर :

ठेगाना :

दस्तखत

अनुसूची -२
(दफा ४ (घ) सँग सम्बन्धित)

कुकुर/विरालोक
ो फोटो

बुढानिलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
**पशु सेवा शाखा**
चपली घुम्ती

दर्ता नं. : मिति:

घरपालुवा कुकुर/बिरालो दर्ता प्रमाण-पत्र

कुकुर/विरालोको धनीको नाम :………………………………………………….. घर नं. :.......................

ठेगाना काठमाण्डौँ जिल्ला, बुढानीलकण्ठ नगरपालिका. .......... वार्ड नं.......................... टोल...........................................

नागरिकता नं. :

सम्पर्क नं. :

कुकुर/ विरालोको बोलाउने नामः

जात नश्ल :

ट्याग नः

उमेरः रङ्गः

लिङ्गः

प्रमाण-पत्र जारी गर्नेको,
दस्तखत :
नाम, थर :
पद :

प्रमाणपत्र नविकरणको विवरण :

| क्र. सं. | धनीको नाम | ठेगाना | घर नं. | सम्पर्क नं. | कुकुरको जात | उमेर | फोटो | नविकरण गर्ने अधिकारीको सही |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

प्रमाणिकरण मिति :- २०८०।१०।०५

आज्ञाले,
तुल्सीराम अर्याल
**प्रमुख प्रशासकीय अधिकृत**